# सिक्किम राज्य कानूनी सेवा निर्देशिका

# कानूनी सहायता

## 28. कानूनी सहायता उपलब्ध गराउने विधि-

कानूनी सहायता निम्नलिखित सबै वा कुनै एक अथवा एक भन्दा बढ़ी विंधि प्रक्रियाद्वारा उपलब्ध गराउन सकिन्छ, जस्तै:-

(1) अदालत शुल्क (Court fee), कार्यवाही शुल्क, गवाही खर्च तथा ती सबै भुक्तान गरिनुपर्ने वा कानूनी कार्यवाहीको दौरान लागेको खर्च दिएर;

(2) वकीलद्वारा कानूनी कार्यवाही गरिन्दैछ भने।

(3) अदालतको निणर्यको प्रमाणित प्रतिलिपि अदालतको निर्देशपत्र, प्रमाणपत्र तथा कतिपय कानूनी कार्यवाही सम्बन्धित कागजात उपलब्ध गराएर;

(4) सुनुवाईपत्र उजुरपत्र पेपर बुक आदि तयार पारेर साथै कागजात अनुवाद गरेर अथवा छापिदिएर कानूनी सहायता उपलब्ध गराउन सकिन्छ;

(5) Special leave petition तथा कानूनी कागजात तयार पारिदिएर कानूनी सहायता उपलब्ध गराउन सकिन्छः

29) उक्त प्रावधान बाहेक कुनै पनि अदालतको निर्देश अनुसार सम्बन्धित मामिलाहरूमा पनि कानूनी सहायता उपलब्ध गराउन सकिन्छ।

## 31. कानूनी सहायता वा कानूनी परामर्शको निम्ति आवेदन गर्नु पर्ने विधि

(1) कुनै पनि व्यक्ति जो कानूनी सहायता वा परामर्श लिन चाहन्छ फर्म- ए- मार्फत प्राधिकार वा समितिका सचिवलाई आवेदन

चढ़ाउन सक्तछ। तर यदि आवेदक अशिक्षित छ भने अथवा आवेदन लेख्न नसक्ने अवस्थामा छ भने समितिको सचिव वा समितिका अन्य अधिकारी वा वकिल, जस्को नाउँ सम्बन्धित प्राधीकरण वा समिति कानूनी सहायक वकिलहरूका नामावलीमा परेको छ अथवा यस्ता कुनै व्यक्ति जस्लाई आवेदकले आवेदन लेख्न अधिकृत गरेको छ, आवेदकबाट सम्पूर्ण जानकारी हासील गरेर आवेदकको पक्षमा सो आवेदन पत्र लेखी लेखिएका वृतान्त कुरो आवेदकलाई स्पष्ट गराई वा सुनाई सो आवेदनपत्रमा आवेदकको हस्ताक्षर वा बुड़ी औंलाको छाप लिन पर्नेछ।

(2) प्राधीकरण वा समितिले एउटा रेजीस्टर खाता खोली त्यसमा कानूनी सहायता वा कानूनी परामर्श सम्बन्धि लेखिएका आवेदनपत्रहरूको रेकर्ड राख्नुपर्नेछ साथै रेकर्ड गरिएको प्रत्येक आवेदनपत्रको बिरूध्दमा (ठीक यता पट्टी) आवेदनपत्र माथि के-कस्तो र कति कार्यवाही भयो, त्यस्को वृतान्त जानकारी पनि रेकर्ड गर्नुपर्नेछ।

## 33. योग्यताको प्रमाणपत्र:-

(1) जब कानूनी सहायता वा परामर्शको निम्ति लेखिएको आवेदनपत्र स्वीकार हुँदछ तब प्राधीकरण वा समितिका सचिवले आवेदकलाई सो कानूनी कार्यवाही सम्बन्धित माम्लाको निम्ति कानूनी सहायता वा परामर्शको अधिकार दिदै फार्म बी-मा योग्यता प्रमाणपत्र दिनु पर्नेछ।

## 35. कानूनी सहायता पाउने व्यक्तिको कर्त्तब्य:

(1) त्यो व्यक्ति जो कानूनी सहायता वा कानूनी परामर्श लिन चाहन्छ, उनले प्राधिकार वा समितिले दिएको निर्देशन मुताबिक आवेदनपत्र लेखिएको, चढ़ाएको दिनदेखि मुकदमा कानूनी सहायता पाउँदै गरेको अन्तिम दिनसम्म वा योग्यता प्रमाणपत्र रद्द गरिएको दिनसम्म, प्राधिकरण वा समितिलेदिएको आदेशको पालन गर्नुपर्नेछ।

(2) यस्ता व्यक्तिको पक्षमा, अदालतले उनलाई आर्थिक सहुलियत वा लाभ दिंदै आदेश जारी गरे बापत, उक्त व्यक्तिले फार्म सी मा कानूनी सहायता उपलब्ध गराउँदा लागेको सबै खर्च वा लागत



समितिलाई फिर्ता गरिदिन अकरनाम दिनुपर्नेछ। यसो गर्दा यस्ता व्यक्तिले सदस्य, सचिव, प्राधिकार/समितिका सचिवलाई अखण्डीय अपरिवर्त्तनीय पावर अफ एटोरनी दिदै अदालतले जारी गरेको आदेश अनुरूपको पुञ्जी, जो उनलाई अदा गर्न पर्छ,सो पुञ्जी संग्रह गर्न जति आवश्यक कार्यवाही गर्न पर्छ सो अधिकार प्राधिकार वा समितिका सचिवलाई दिन सक्दछ। जे जति लागत वा खर्च प्राधिकार वा समितिले उक्त जनाए अनुसार पुर्नलाभ गर्न सक्छ ती सबै राज्य सरकारको खातामा जम्मा गरिनेछ।

(3) कानूनी सहायता लिने प्रत्येक व्यक्ति अथवा उनको प्रतिनिधि अथवा ती वकिललाई जस्ले उक्त टब्यक्तिको माम्ला लड़दैछ, जब कचहरी वा कोर्टले चाहन्छ, आफ्नो खर्चमा प्राधिकार वा समितिको कार्यालयमा उपस्थित भई सम्बन्धित वकिललाई आफू सम्बन्धी सम्पूर्ण साँचो जानकारी, केहि नलुकाई बताउन पर्नेछ।

## 36. योग्यता प्रमाणपत्र रद्द वा खारिज गरिने विधि:-

(1) निम्नलिखित परिस्थितिहरूमा प्राधिकार वा समितिले स्वयं आफ्ने प्रस्तावमा अथवा अन्यको प्रस्तावमा नियम 33 अन्तर्गत दिइएको योग्यता प्रमाणपत्र रद्द गर्न सक्दछ जस्तै:-

(क) कानूनी सहायता पाउने व्यक्तिले यदि योग्यता प्रमाणपत्र छल-कपटसित प्राप्त गरेको पाईयो भने अथवा सो व्यक्तिसित माम्ला लड़ने प्रशस्त साधनहरू भएको जानकारी पाईयो भने-

(ख) कानूनी सहायता पाउने व्यक्तिको परिस्थितिमा यदि कुनै प्रकारको भौतिक परिवर्तन (Material change) आएकोछ भने,

(ग) सहायता पाउने व्यक्तिले, कानूनी सहायता पाउँदै गरेको दौरान, यदि कुनै प्रकारको लापारवाही गर्छ भने अथवा कुकृत्य वा कुव्यवहार गर्छ भने....

(घ) यदि कानूनी सहायता पाउने व्यक्तिले प्राधिकार/समिति वा कोर्टद्वारा खट्टाईदिएको वकिललाई चाँहिदो सहयोग दिदैन भने,

(ङ) सहायता पाउने प्राधिकारण वा समितिद्वारा खट्टाईएको वकिल बाहेक अन्य वकिललाई नियुक्त गर्छ भने तर यदि कोर्टको निर्देशनमा

उक्त नियुक्ती हुन्छ भने यो जायज नै ठहरिनेछ,

च) यदि सहायता पाउने व्यक्तिको मृत्यु हुँदछ तर त्यो नागरिक माम्ला हो र दायित्वको अधिकार (Right of liability) छ भने प्रमाण-पत्र रद्द हुँदैन।

छ) कानूनी सहायता पाउने व्यक्तिको मामला लड़ने वकिलले, यदि कानूनी सहायता पाउने व्याक्तिको विरूध्दमा उनले वकिललाई सहयोग नपुराएको वा कुव्यवहार गरेको-रपोट पेश गर्छ र त्यो रपोट कानूनी सेवा समिति/प्राधिकरण (Legal Services committee/Authority) का अध्यक्षद्वारा जाँच गर्दा ठिक भेट्टाईयो भने-

ज) त्यसघड़ि चालु वा व्यवहारमा आई रहेको कानून अन्तर्गत यदि कानूनी सहायता पाउने व्यक्ति आफ्नो कार्यक्षेत्र वा वासस्थानबाट निष्कासित भएको छ छ भने तर कानूनी सहायता पाउने व्यक्तिलाई उपयुक्त सूचना नदिई अथवा कानूनी सहायता पाउने व्यक्तिको मृत्युमा उनको वकिललाई उक्त व्यक्तिको योग्यता प्रमाणपत्र किन खारीज नगरिनुपर्ने भन्ने कारण देखाऊ अधिसूचना नदिई भने कानूनी सहायता पाउने व्यक्तिको योग्यता प्रमाणपत्र रद्द वा खारिज गर्न सक्ने छैन।

(2) जब खण्ड ((a) मा उल्लेखित कारणमा कानूनी सहायता पाउने व्यक्तिको योग्यता प्रमाणपत्र रद्द हुन्छ तव प्राधिकार वा संगठनले दिदैंगरेको कानूनी सहायता स्थगित गर्न सक्दछ साथै कानूनी सहायता पाउने व्यक्तिले पाएको सबै कानूनी सहायताहरू पुर्नलाभ गर्न सक्दछ।





# कानूनी सेवा प्राप्त गर्न हेतु चाहिने आवश्यक योग्यता-

कानूनी सेवा उपलब्ध गराउँदा ध्यानमा राख्न पर्ने मापदण्ड यस प्रकार छन्:-

2) यस ऐन अन्तर्गत निम्नलिखित यस्ता ब्यक्ति विशेष,जो आफ्नो माम्ला दर्ता गर्न चाहन्छ वा माम्लाको प्रतिवाद गर्न चाहन्छ कानूनी सेवा उपलब्ध गराउन चाहन्छ:

(क) यदि उ अनुसूचित जाति वा अनुसूचित जातिको सदस्य हो भने।

(ख) भारतीय संविधानको धारा 23 अन्तर्गत उल्लेखित उ भिखारी अथवा मानव व्यापारको शिकार भएको छ भने:

(ग) यदि उ एउटी महिला अथवा शिशु हो भने,

(घ) मानसिक रोगी वा विकलांग हो भने।

(ङ) यदि उ अनर्थ परिस्थिति जस्तै सामुहिक विनास वा संकट जातिय हिंसा, साम्प्रदायिक दंगा, भल-पैह्रो, खड़ेरी, भूईचालो वा औध्योगिक विनासको शिकार भएको छ भने; अथवा

(च) उ उध्योगकर्मी हो भने; अथवा

956 को 108 -(च) यदि अनैतिक व्यापार (रोकथाम) ऐन 1956 (Immoral Traffic Prevention act 1956) को धारा 2 खण्ड (g) मा उल्लेखित परिरक्षा (Custody)वा शिशु कारागार; वा,शिशु न्याय ऐन 1986 ।

986 को 53 Juvenile Justice Act 1986 को धारा 2 (i) अन्तर्गत उल्लेखित शिशुगृहमा छ भने ; अथवा मानसिक स्वास्थ्य ऐन 1987

987 को 14- (Mental Health Act, 1987) को धारा 2, खण्ड (g) अन्तर्गत उल्लेखित मानसिक चिकित्सालयमा छ भने; वा

(छ) बार्षिक आम्दानी नौ हजार रूपिया भन्दा कम्ति वा राज्य सरकारद्वारा निर्धारित यस्तो अन्य बेसी राशीको प्राप्तिमा यदि

मामला सर्वोच्च न्यायालय बाहेक अन्य न्यायालयमा छ भने अनि बाह्र हजार रूपियाँ भन्दा कम्ति वा केन्द्र सरकारद्वारा निर्धारित यस्तो अन्य बेसी राशिको प्राप्तिमा यदि माम्ला सर्वोच्च न्यायालयमा छ भने कानूनी सेवा प्राप्त गर्न सकिन्छ।

## कानूनी सेवा प्राप्त गर्न हेतु चाहिने आवश्यक योग्यता

13(1) त्यो व्यक्ति विशेष जस्ले धारा 12 अन्तर्गत उल्लेखित सबै मापदण्ड पूर्ति गर्न सक्छ त्यस्ता व्यक्तिलाईकानूनी सेवा उपलब्ध गराउन सकिन्छ यद्यपि सम्बन्धित प्राधीकरण पनि सन्तुष्ट हुनुपर्‌यो कि त्यो व्यक्तिकोपक्ष वा विपक्षमा माम्ला लड्नको निम्ति त्यहाँ प्राथमिक तौरमा आधारित (Prime facie)माम्ला छ।

(2) प्राधीकरण कुनै कारणवश व्यक्तिको आम्दानीको प्रमाणपत्र अस्वीकार गरे भने मात्र अन्यथा यस ऐन अन्तर्गत कानूनी सेवा प्राप्त गर्नको निम्ति त्यस व्यक्ति विशेषको आफ्नो आम्दानीको प्रमाणपत्रलाई नै यथेष्ट मानिलिनु पर्दछ।

# लोक अदालत

## लोक अदालतको गठन

19(1) प्रत्येक राज्य प्राधीकरण (State Authority) जिल्ला प्राधीकरण (Distt.Authority) वा सर्वोच्च न्यायालय कानूनी सहायता समिति (Supreme Court legal Service Committee) वा प्रत्येक उच्च न्यायालय कानूनी सहायता समिति (High Court legal services committee) वा तालुक कानूनी सहायता समितिले, आफूलाई उचित ठहरिए मुताबिकको अन्तरालमा तथा स्थान वा क्षेत्रमा लोक अदालत राख्ने व्यवस्था मिलाउन सक्छ।

(2) प्रत्येक लोक अदालत जो कुनै क्षेत्रको निम्ति गठन भएको हुन्छ त्यस लोक अदालतको संरचना निम्नलिखित व्यक्तिहरूद्वारा हुँदछ-

(क) सेवारत वा अवकाशप्राप्त न्याय सम्बन्धि अधिकारी तथा

(ख) राज्य प्राधीकरण, जिल्ला प्राधीकरण सर्वोच्च न्यायालय कानूनी सेवा समिति उच्च न्यायलय कानूनी सेवा समिति वा तालुक कानूनी सेवा समिति द्वारा निर्धारित अन्य व्यक्ति तथा त्यस्ता व्यक्तिको संख्याबाट गठन गरिनेछ जस्ले यस्ता लोक अदालतको व्यवस्था गर्दछ।

(3) सर्वोच्च न्यायालय कानूनी सहायता समिति द्वारा संरचित लोक अदालतको निम्ति उप-धारा 2 को खण्ड (B) मा उल्लेखित अन्य व्यक्तिको अनुभव तथा योग्यता केन्द्र सरकारद्वारा भारतका मुख्य न्यायधिस सितको परामर्शअनुसार निधारण गरिनेछ।

(4) लोक अदालतको निम्ति-

उप धारा 3 को अतिरिक्त उपधारा 2 को खण्ड (b) मा उल्लेखित "अन्य व्यक्तिको" अनुभव योग्यता राज्य सरकारको उच्च न्यायलयका मुख्य न्यायधीशसितको परामर्शद्वारा निर्धारित गरिनेछ।

(5) निम्नलिखित मामलामा लोक अदालतलाई कुनै दुई पक्षको झगड़ालाई मिलाउने, सम्झौता गराउने अधिकार छ- जस्तै-

क) कुनै पनि मामला वा ...

ख) यस्तो विषय जो लोक अदालतको कार्य क्षेत्रभित्र पर्छ वा यस्तो माम्ला कुनै पनि अदालतमा ल्याइएको छैन जस्को निम्ति लोक अदालत गठन गरिएको छ, तर लोक अदालतलाई कुनै पनि कानून अन्तर्गत सम्झौता नहुने प्रकारको मामला वा मुद्दा मिलाउने अधिकार भने छैन।

**लोक अदालतद्वारा जानकारीमा लिन सक्ने मामलाहरू( Cognizance of cases by Lok Adalats)**

20(i) धारा 19 को उप-धारा (5) को खण्ड (b) मा उल्लेखित कुनै पनि मामलामा -

(क) दुवै पक्षका वादी-प्रतिवादीले यो स्वीकार गर्छ अथवा,

(ख) कुनै पक्षले मामलाको निपटाईको निम्ति अदालतमा आवेदन गर्दछ र लोक अदालतलाई , प्राथमिक तवरमा, माम्लाको निपटाई हुन्छ भने लाग्दछ:

ii) (Court) ल्याई यो सन्तुष्टी हुँदछ कि यो विषय वा मामला लोक अदालतको जानकारीमा ल्याउन उपयुक्त छ भने तब न्यायालयले सो मामला लोक अदालतमा पठाईदिन्छ।

2) तथापी त्यसघड़ी चालु कुनै पनि कानून नभए पनि, धारा 19 को उप-धारा (1) अन्तर्गत, उक्त धारा तथा उपधाराको खण्ड ( ii ) मा उल्लेखित कुनैपनि माम्ला सम्बन्धि वादी वा प्रतिवादीको आवेदन पत्रको प्राप्तीमा, लोक अदालत गठन गर्ने प्राधिकरण वा समितिले, त्यो माम्ला लोक अदालतमानै निपट्याईनु पर्छ भने, सो माम्ला लोक अदालतमा पठाइनुपर्छ। तरै भएता पनि दुवै पक्षलाई सुनुवाईको निम्ति चाँहिदो मौका नदिएसम्म भने माम्ला लोक अदालतमा पठाइनु हुन्न।

3) उपधारा (1) अन्तर्गत जहाँ माम्ला लोक अदालतमा पठाईन्छ अथवा उपधारा (2) अन्तर्गत माम्लाको उल्लेख गरिन्छ, लोक अदालतले माम्लाको निपटयाईको निम्ति वा दुवै पक्षमाझ सम्झौता गराउनको निम्ति कार्यवाही शुरू गर्न सक्दछ।



(4) यस ऐन अन्तर्गत, प्रत्येक लोक अदालतले कुनै माम्ला उल्लेख गर्दा दुवै पक्षको माझमा सम्झौता अथवा मामला निपटाउने अभिप्रायले उल्लेख गर्नपर्छ र न्याय, समानता तथा स्पष्टवादीताको सिध्दान्त प्रतिपालन गर्नपर्दछ।

(5) लोक अदालतले, दुवै पक्ष माझ कुनै सम्झौता हुन नसकेको खण्डमा जब कुनै निर्णय दिंदैन तब उप-धारा (1) अन्तर्गत प्राप्त फार्म जहाँ माम्ला रेर्कड गरिएको हुन्छ, कानून अनुरूप माम्ला निपट्याउन भनी न्यायालयमा फिर्ता गरिदिनेछ।

(6) उपधारा (2) अन्तर्गत उल्लेखित मामला सम्बन्धि, दुवै पक्षमाझ कुनै सम्झौता हुन नसकेको खण्डमा जब लोक अदालतले कुनै निर्णय दिंदैन तब लोक अदालतले दुवै पक्षलाई अन्य उपाय खोज्न न्यायलयमा जान भनी सल्लाह दिंदछ।

(7) जब उप धारा (5) अन्तर्गत रेकर्ड गरिएको माम्ला न्यायालयमा फिर्ता गरिन्छ तब उपधारा (1) अन्तर्गत ,माम्ला जहाँसम्म पुगेको छ, न्यायालयले त्यहीबाट माम्लाको उप्रान्त कार्यवाही शुरू गर्नेछ।

## लोक अदालतको निर्णय-

21(1) लोक अदालतको प्रत्येक निर्णयलाई नागरिक न्यायालयको आदेश वा अन्य कुनै पनि न्यायालयको आदेश मानिलिनुपर्ने छ अनि धारा 20 को उपधारा (1) अन्तर्गत उल्लेखित माम्ला, लोक अदालत ले निपटाईदिएको वा सम्झौता गराइदिएको खण्डमा, उक्त माम्ला गर्दा लागेको अदालत शुल्क (1870को 7) न्याय शुल्क ऐन 1870 (Court Fees Act 1870) बमोजीम फिर्ता गरिनुपर्नेछ।

## लोक अदालतको अधिकार

22(1) निम्नलिखित बिषयहरूको सन्दर्भमा लोक अदालत, यस ऐन अन्तर्गत कुनै फैसला दिन पर्दा Code of Civil Procedure, 1908 अन्तर्गत नागरिक न्यायालयलाई जस्तो अधिकार प्रदान गरेको हुन्छ त्यस्तै अधिकार लाक अदालतलाई पनि प्राप्त भएको हुन्छ-

(क) गवाहीलाई न्यायालयमा उपस्थित हुन भनिबोलाउने (Summon) साथै

गवाहीको शपथ लिने र अरूलाई जाँच गर्ने अधिकार,

(ख) कुनै पनि कागजातको पत्तो लगाउने साथै त्यसलाई प्रस्तुत गर्ने अधिकार

(ग) प्रमाणपत्रमा (affidavits) प्रमाण वा साक्षी (evidence) लिने अधिकार,

(घ) कुनै पनि न्यायालय वा कार्यालयबाट कुनै पनि पब्लीक रेकर्ड वा कागजात वा यी कागजातहरूको प्रतिलिपि लिने अधिकार साथै-

(ङ) यस्ता अन्य निर्धारित् बिषयहरू

(2) उपधारा (1) मा उल्लेखित सामान्य अधिकार प्रति कुनै पक्षपाती धारणा नराखी, कुनै माम्ला वा झगड़ाको निर्णय लिन, लोक अदालतमित स्वयं आफ्नो कार्यविधि निदिर्ष्ट गर्ने अधिककार वा क्षमता छ।

1860 को 45.

(3) भारतीय दण्ड संहिता (Indian Penal Code) को धारा 193,219 अनि 228 को अर्थभित्र पर्ने न्याययीक कार्यविधि जस्तै लोक अदालतका सम्पूर्ण कार्यविधिलाई पनि सोही अर्थमा लिन पर्नेछ साथै Code of Criminal Proceedure, 1973 को छब्बीसौं परिच्छेद तथा धारा 195 को उद्देश्यको निम्ति, प्रत्येक लोक अदालत, नागरीक न्यायालयको रूपमा लिनपर्नेछ।



फर्म -ए-

नियम 31(1) हेर्नोस

# कानूनी सहायता तथा परामर्शको निम्ति

## आवेदन पत्र

सेवामा,

सचिव/..... प्राधीकरण/ समिति,

महाशय,

...........वर्ष.. श्री / श्रीमती.को...... छोरा/छोरी/ पत्नी/विधवी...।

निवासी,निम्नलिखित परिस्थिति अन्तर्गत कानूनी सहायता / परामर्श प्राप्त गर्न हेतु अनुरोध गर्दछुः

.म सेवारत् छु/सेवाहीन छुः ----

क)सेवाको स्वरुप

पेशा/ब्यापार/ब्यवसायः____

ख) सेना,नौसेना,वायुसेना,

पुलिस बल,सेवारत् वा अवकाश प्राप्तः

ग)कहिले देखि ?

2)मेरो माताको आम्दानी ----------छ।,

)(क) मेरे वासस्थान , मेरो नाममा किरायमा छ/ संयुक्तनाममा किरायमा /वा वासस्थान मेरे आफ्नो नाममा छःवा संयुक्त नाममा छ,

ख) किराया(भाड़ा): रू. - - - - - - - - - - - - -

(4) सर्वेक्षण संख्या- - - - - - - - - - - - - - - - - --तथा ठाउँमा मेरो खेतीपाती गर्ने ज़मीन छ र म वार्षिक- - - - - - - - -रूपिया भुक्तान गर्दछु।(जमीन आफ्नो नाममा भएको वा भाड़ामा / कुतिया / अधियामा भएको जनाउनु होस्।).

(क) त्यहाँबाट आएको आम्दानी:

(ख) उत्पादनको मूल्य:

(5) मेरो आयको अन्य स्रोत:

(पूरा विवरण दिनुहोस्)

(6) मेरो अन्य सम्पती अनि त्यसको मूल्य:

(7) मैंले मेरो सम्पती,यो आवेदन पत्र लेख्न भन्दा 6 महिना अघि विक्रीको तवरमा वा दानको रुपमा वा धितो राखेर वा कुनै अन्य तरिकाले तह लगाएँ/ लगाएको छैन,

(8) मेरो घरको परिवारमा- - - - - - - - - - - -जना सदस्यहरू छन्, उनीहरूसंगको मेरो पारिवारिक सम्वन्ध यस प्रकार छ:

(क)- - - - - - - - - - - - - - - - - - - - -

(ख)- - - - - - - - - - - - - - - - - - - - -

(ग)- - - - - - - - - - - - - - - - - - - -

(घ)- - - - - - - - - - - - - - - - - - - - - - -

(9) मेरो परिवारको- - - - - - - - जना सदस्यहरू म माथि आश्रित छन् र उनीहरूसंगको मेरो सम्वन्ध यस प्रकार छ:

(10) मसित बस्ने मेरो परिवारको सदस्यहरूको आम्दानी यस प्रकार छ/छैन:

(11) म कानूनी सहायता वा परामर्श निम्नलिखित सन्दर्भमा लिन चाहन्छु:

(झगड़ा वा माम्लाको विवरण/दावी/अधिकार बताउनुहोस् साथै मुध्दालाई समर्थन पुऱ्याउने कागजात पनि प्रस्तुत गर्नुहोस्।झगड़ा वा माम्लाको शुरूवात् कसरी भयो,त्यसको भिन्दै जानकारी दिनुहोस् साथै दावी।अधिकार एवं अन्य सम्वन्धित विषयहरूको पूर्ण विवरण दिनुहोस्।)

(12) मेरो उक्त दावी/ अधिकार/ माम्ला वा झगड़ा/ प्रतिरक्षाको समर्थनमा म निम्नलिखित प्रमाणहरू प्रस्तुत गर्दछु।



(13) मैंले कानुनी सहायता तथा परामर्शको निम्ति पूर्व आवेदन गरेको छु / छैन।(यदि गरिएको छ भने आवेदनको सार जनाउनुहोस्,यदि कुनै परामर्श प्राप्त गर्नु भएको छ भने नाम स्पष्ट गर्नुहोस्।)

(14) यस आवेदनलाई विचाराधीन गरिनुको निम्ति यदि यस्ता कुनै सूचना वा जानकारीको अझै आवश्यक्ता परे सो जानकारी दिन म तयार छु।

(15) म अदालतको शुल्क तथा विभिन्न लागत खर्च बेहोर्ने अवस्थामा छु/ छैन।(आवेदकले के कति खर्च बेहोर्न समर्थ छ सो जनाउनुहोस्)

(16) मलाई कानूनी सहायता उपलब्ध गराउनुमा समितिको जे जति खर्च वा लागत लागेकोछ, न्यायालयले मेरो पक्षमा,आर्थिक लाभ दिंदा न्यायालयले आदेश दिए बापत वा यस नियम अन्तर्गत म कानूनी सहायतोको हकदार हुनवाट वञ्चित भए वापत म सबै खर्च वा लागतको पूर्ताल गर्छु।

(17) उक्त बयान मेरो अधिकतम ज्ञान ,विश्वास तथा जानकारी मुताविक साँचो हो।

मिती :

स्थान :

आवेदकको सही